अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।२९ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

नापी कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कार्यरत नापी सर्भेक्षक (रा.प.अनं प्रथम श्रेणी) छत्रबहादुर ठकुल्लाले जग्गाको क्षेत्रफल मिलाईदिने भनी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिइ गएको टोलीले निज नापी सर्भेक्षक छत्रबहादुर ठकुल्लालाई सेवाग्राहीबाट रू.२०,०००।- (बीस हजार) घुस बापतको रकम लिएको अवस्थामा उक्त घुस रकम सहित निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता